# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

सुचना, विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

वर्ष-२ | अंक-२८ | २०७४ माघ १० गते बुधबार | 24 january 2018 Wednesday | मूल्य रू. १०/-


# बेस्ट कर्णाली मिडियाको उत्सव

**मिसन न्यूज**

**कालिकोट–** बेस्ट कर्णाली मिडियाको तेस्रो वार्षिक उत्सव विहिवार एक समारोहका विच सम्पन्न भएको छ । २०७२ सालमा स्थापन भएको मिडियाको सदरमुकाम मान्ममा तेस्रो वार्षिक उत्सव मनाइएको हो । बेस्ट कर्णाली मिडियाका अध्यक्ष पवित्रकुमार शाहीको अध्यक्षता, नेपाल पत्रकार महासंघ कालिकोटका अध्यक्ष तुलाराम पाण्डेको प्रमुख आथित्यतामा उत्सव मनाइएको हो । कार्यक्रमका प्रमुख अतिथि पाण्डेले दिप प्रज्वल गरेर मिडियाको बार्षिक उत्ववको उद्धाटन गरेका थिए । बार्षिक उत्सव कार्यक्रमको सफलताको शुभकामना दिदै पत्रकार महासंघका अध्यक्ष पाण्डेले मिडियाको तेस्रो बार्षिक उत्वसवमा र म्रो काम गरेकोमा प्रसंसा गरे । उनले भने, 'बेस्ट कर्णाली मिडिया मार्फत संचालित साप्ताहिक पत्रिका र अनलाईन पत्रिकाले समाजका राम्रा कामलाई प्रसंसा र नराम्रा कामलाई खबदारी गर्ने काम गरेकोछ ।'आगामी दिनमा पनि सत्य तथ्य र निश्पक्ष रुपमा कलम चलाउन सहभागी लाई आग्रह उनले गरेका थिए । वार्षिक कार्यक्रममा शुभकामना मन्तव्य दिदै नेकपा एमाले कालिकोटका सचिव चित्रसिंह गाउँलले बेस्ट कर्णाली मिडियाद्धाराप्रकाशन हुने साप्ताहिक पत्रिका र अनलाई पत्रिकाले महत्वपुर्ण भुमिका निर्वाह गरेको बताए । उनले भने, 'स्थानीय तथा खस भाषाको पहिचानका लागि पनि प्राथामिकतामा राख्नु जरुरी छ ।'त्यस्तै नेपाली कांग्रेस कालिकोटका प्रवक्ता नगेन्द्र बिष्टले तेस्रो




वार्षिक उत्सवको शुभकामना मन्तव्य र ख्दै मिडिया आजको महत्वपुर्ण अंग बनेको बताए । नेकपा माओवादी केन्द्रका यूवा नेता दिनेश चदाँराले जिल्लामा शुसाशन र विकासका क्षेत्रमा बेस्ट कर्णाली मिडियाले प्रसंसनिय काम गरेको बताए । कार्यक्रमका अतिथि प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य कालीबहादुर मल्लले शुभकामना दिदै विगत तिन बर्षदेखि मिडियाको क्षेत्रमा निष्पक्ष काम गर्दै आएको बताए । उनले भने, आगामी दिनमा पनि राम्रा कामको उजागार र बेथितीको खबदारी गर्नुपर्ने हुन्छ । वार्षिक उत्सव कार्यक्रम रेडियो चंखेलीका स्टेशन म्यानेजर दिलिपकुमार शाहीले संचालन गरेका थिए । बेस्ट कर्णाली मिडियाद्धारा मिसन न्युज साप्ताहिक पत्रिका, मिसनईन्युज अनलाईन पत्रिका, स्थानीय तथा राष्ट्रीय मिडिमा विज्ञापन एजेन्सीको काम गर्दै आएको छ । मिडियाका अध्यक्ष पवित्रकुमार शाहीले बार्षिक उत्सवको अवसरमा आगामी दिनमा समृद्धिको बाटो नामक रेडियो कार्यक्रम उत्पादन गर्ने बताए । संचार माध्ययम तथा पत्रकारि तामा योग्दान पुगाउने पत्रकारलाई कार्यक्रममा सम्मा गरिऐ थियो । बार्षिक

**बाँकी ८ पृष्ठमा..**

# प्रादेशिक मौसमी राजधानी कर्णालीमै हुनुपर्ने माग

**मिसन न्यूज**

**कालिकोट–** प्रदेश नम्वर ६ को र ाजधानी सुर्खेत र जुम्ला हुनु पर्नेमा यहाँका नागरिकले धारणा राखेका छन् । हिउँदे मौसममा जुम्ला र बर्खाको सिजनमा सुर्खेत राजधानी हुनुपर्नेमा जोड दिएका हुन् । मंगलबार सदरमुकाम मान्ममा आयोजित सम्मुनत समाजका लागि सामुहिक प्रयास नामक संजालले प्रदेश राजधानीका विषयमा छलफल कार्यक्रममा सहभागीले सो कुरा बताएका हुन् । नेपाल बार एशोसियसन कालिकोटका अध्यक्ष हिक्मतबहादुर



बिष्टको अध्यक्षतामा आयोजना गरिएको कार्यक्रममा जिल्ला स्थित राजनीतिक दल, नागरिक समाज, पत्रकार, महिला अधिकारकर्मीलगायतले आफ्नो धारणा राखेका थिए । अधिबक्ता हिक्मतबहादुर बिष्टले प्रादेशिक राजधानी बारे अबधारणा पत्र प्रस्तुत गर्दै कर्णालीमा मौसमी राजधानी अनिवार्य हुनपर्ने बताए । कर्णालीको खस इतिहाँसलाई संरक्षण गर्न र पहिचानका अधारमा पनि कर्णालीमा मौसमी राजधानी हुनैपर्ने बिष्टले धाराणा ब्यक्त गरे । भारतको जुम्बु, कास्मीरको मौसमी राजधानीको उदाहरण दिदै कर्णालीमा मौषमी राजधानी हुनु आवश्यकता देखिएको बिष्टले सुनाए । संविधानको धारा २८८ मा प्रदेशको नाम र राजधानी तोक्ने जिम्मा

**बाँकी ८ पृष्ठमा......**

## चक्रे मिलनलाई सफाई

**काठमाण्डौं** – सरकारले कुनै पनि प्रमाणबाट पुष्टि गर्न नसकेको भन्दै विशेष अदालत काठमाडौले चक्रे मिलन भन्ने मिलन गुरुङलाई सम्पत्ती शुद्धीकर णको मुद्दामा सफाइ दिएको छ । विशेष अदालतका न्यायाधीशहरु रत्नबहादुर बागचन्द, चण्डीराज ढकाल र प्रमोद कुमार श्रेष्ठ वैद्यको इजलाशले चक्रे मिलन र श्रीमती इन्दिरा घले गुरुङलाई ७ करोड ८१ लाख ७ हजार २ सय ६५ रुपैयाँ ४१ पैसा सम्पत्ती शुद्धीकरण मनि



लाउड्रिङ)मुद्दामा सफाइ दिएको हो । नेपाल सरकारले प्रमाणबाट पुष्टि गर्न नसकेकाले मिलन गुरुङ र उनकी पत्नी इन्दिरालाई सफाइ दिएको अदालतको फैसलामा उल्लेख छ । सरकारले २०७० जेठ ५ गते गुरुङ दम्पती विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

## जागिर छोड्न तयार, छाउ भए पढाउन जाँदैनौं

**अछाम** - अछामको साँफेबगर नगर पालिका-३ डिक्रेनीको मष्टामाडौं प्राथमिक विद्यालयमा पछाडिपट्टि मष्टा देवताको मन्दिर छ । ५० जना अध्ययनर त विद्यालयमा दुई शिक्षिका र दुई शिक्षक छन् । छाउ भएका बेला शिक्षिका महिनाको चार दिन विद्यालय जाँदैनन् । एक महिनामा विद्यालयको ४ दिनको पढाइ छुट्ने गर्छ । विद्यालय नजिकै र हेको मष्टाको देवताको मन्दिरले गर्दा शिक्षिका विद्यालय जाँदैनन् । विद्यालय नजिकै मष्टा देवताको मन्दिर भएकाले छाउ भएका बेला विद्यालय नजाने बताउँछिन् शिक्षिका पशुपति बुढा । त्यहाँ छाउ भएका बेला गएपछि देवता लाग्ने र जीवनभर निको नहुने भन्दै

**बाँकी ८ पृष्ठमा.....**

## सम्पादकीय

### मिडियाको तिन वर्ष

बेस्ट कर्णाली मिडियाले तिन बसन्त पार गरेको छ। यस मिडियाको तिन बर्ष अवसर र चुनौति दुवैमा बित्यो। २०७२ सालमा स्थापना भएको बेस्ट कर्णाली मिडिया प्रालिले कालिकोट र आसपासका जिल्लाका समाचारहरु संकलन र प्रकाशनमा विशेष काम गरेको छ। यो तिन बर्षसम्म यहाँका सबै नागरिकको महत्वपुर्ण सहयोग पाउँदा हामि निकै खुसी छौ। आगामी दिनमा पनि मत्वपुर्ण सहयोगको अपेक्षा गरेका छौ। यस मिडियाद्धारा मिसन न्युज साप्ताहिक पत्रिका र मिसनईन्युज अनलाईन पत्रिका प्रकाशन र प्रसारण हुँदै आएको छ।

दुई संचार माध्याम मार्फत समाजमा भएका राम्रा कामको प्रोत्साहन र नराम्रा कामलाई खबदारी गर्दै आएको छ। विगतको समिक्षा गर्दा मिसन न्युजले समाजका निम्ति राम्रै काम गरेको छ। भावि दिनहरुमा पनि सत्य तथ्य र निश्पक्ष रुपमा कलम चलाउने अठोटका साथ बार्षिक उत्सवमा प्रतिबद्धता प्रकाशक र सम्पादकबाट भएको छ। रोग, भोग र गरिबिको मात्र सन्देश नभई अब समृद्धि र सम्भावनाको विषयबस्तुलाई पहिलो प्राथामिकतामा राख्नेछौ। विगतका कमि कमजोरीलाई आत्म समिक्षा गर्दै अब कालिकोट, जुम्ला र सुर्खेतसम्म पत्रिका पाठक सामु पुगाउने प्रयासमा छौ। हाम्रो मिसन समृद्धका लागि सहयात्रा जारी रहने छ।

मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित

सम्पादकःपवित्र शाही

प्रवन्ध सम्पादकःनिर्मला शाही

सह–सम्पादकःपंखबहादुर मल्ल

कम्प्युटर अप्रेटरःदिलिपकुमार शाही

बजार ब्यवस्थापकःविक्रम शाही

कार्यालयः खाडाचक्र नपा–१ कालिकोट

इमेलः missionnewsp@gmail.com

फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com

## राजनीति वृत्तका समाचार

हरि अधिकारी

हाम्रो देशमा राजनीतिक वृत्तबाट सकारात्मक र सर्वसाधारण जनताको उत्साह जगाउनेखालका समाचार आउन छाडेको एक जुग भइसकेको छ भन्दा हुन्छ। पछिल्लो समयमा त यस्ता यस्ता भद्दा र दिक्कलाग्दा समाचार आउन थालेका छन् तिनले हाम्रो यो नयाँ गणतन्त्र एकदमै गलत बाटोमा अघि बढिर हेको छ भन्ने कुरा नै पुष्टि गर्छन्। हामीले परिकल्पना गरेको प्रणाली पूरै पङ्गु भइसकेको छ भन्नेतर्फ संकेत गर्ने ती दिक्कलाग्दा समाचारको आलोकमा हेरेर भन्नुपर्दा हाम्रो नेपाली समाज पतनको गर्तमा भासिन लागेको छ भन्न सकिन्छ। यस सन्दर्भमा थप चिन्ताको विषय त के पनि देखिन्छ भने आज देशमा उत्पन्न यस्तो नकारात्मक परि स्थितिमा तत्काल परिवर्तन गर्नसक्ने कुनै प्रभावकारी उपाय हामीसँग छैन।

हामी नेपालीले भर्खरै संघीय लोकतान्त्रिक गणतन्त्र नाम गरेको एउटा नयाँ र बिलकुलै परीक्षण नगरि एको राजनीतिक प्रणाली अंगीकार गरेका छौं। यसलाई विडम्बना नै भन्नुपर्ला, यस प्रणालीको उपयुक्ततालाई लिएर सुरुदेखि नै हामी संशयमा छौं। यस प्रणालीले नेपाली जनताको समग्र जीवनमाथि पार्ने प्रभावको समग्र मूल्याङ्कन गर्न कम्तीमा पनि केही वर्ष समय त लाग्छ नै। त्यसबीचमा यसले भित्राएका प्रत्यक्ष र परोक्ष खराबीका कारण यो देश असफल राष्ट्र बन्ने हदसम्मको दुर्घटनामा परेर यसको अस्तित्व नै जोखिमग्रस्त भयो भने के गर्ने ? भन्ने प्रश्नको उत्तर न हामी निमुखा जनतासँग छ न यस प्रणालीका पैरवीकर्ता विदेशी मित्रहरूसँग नै। न त हाम्रा ती तथाकथित कर्णाधार नेताहरूसँग नै। सम्भवतः हाम्रालागि यस युगको यो सबैभन्दा अप्ठ्यारो प्रश्नको जवाफ कसैसँग पनि छैन। हामी गहिरो संकटको सन्निकट छौं।

यसबाट बाहिर निस्कन हामीले जानेर वा नजानेर अंगीकार गरेको वर्तमान राजनीतिक प्रणालीको विकल्प ढिला नगरी खोज्नुपर्छ। झट्ट सुन्दा अप्ठ्यारो लाग्ला तर यो तीतो सत्य हो। 'प्रदेशहरूको अस्थायी राजधानी तोकेपछि उठेको विवाद र असन्तुष्टिका कारण देशका अनेक ठाउँमा तनावको स्थिति उत्पन्न असन्तुष्ट पक्षहरूबाट विरोधमा बन्द, हड्ताल आह्वान) भएका छन्। केही ठाउँमा बन्द हड्तालले हिंसात्मक रूप लिएको खबरसमेत छ। पूर्वराष्ट्रपतिको सुविधामा व्यापक वृद्धि, अब उनको मासिक भत्तामा उल्लेख्य बढोत्तरी हुनुका साथै उनले ४ वटा विलाशी गाडी पाउने खबर छ। व्यवहारतः कामचलाउ भइसकेको देउवा सरकारले पूर्वसांसदहरूले तजबिजी ढंगले खर्च गर्न सक्ने गरी १० अर्ब रुपियाँ निकासा दिन खोज्यो, सर्वोच्च अदालतबाट रोक लागेकाले हाललाई निकासा रोकिएको छ। देशको सरकार प्रमुख हुन पालो पर्खेर बसेका वामपन्थी गठबन्धनका नेता एवं एमाले अध्यक्ष केपी ओलीसँग बैंककमा त्यस देशको बाह्य गुप्तचर एजेन्सी 'र' का प्रमुखको भेटपछि भार तीय प्रधानमन्त्री नरेन्द्रदामोदर मोदीद्वारा केपी ओलीलाई प्रम पदका लागि अग्रिम शुभकामनाको खबर पनि आएको छ। मोदीको शुभकामना सन्देश प्राप्त भएपछि पर्सामा भार तले मिचेको नेपाली भूभागको ५० बिघा जग्गाका विषयमा ओली मौन बस्ने संकेत। त्यस विषयमा नेकपा एमालेका नेतागण कसैले पनि विरोधको एक शब्दसम्म उच्चारण नगरेको आरोप।'

'नेकपा एमाले नेतृत्वद्वारा राष्ट्रिय सभाको उम्मेदवार तोक्दा खाँटी कार्यकर्ताको मानमर्दन हुने गरी नवप्रवेशी सुन्दरी कोमल ओलीलाई छानेको भनी प्रदेश नम्बर ५ का पार्टी कार्यकर्ताद्वारा गहिरो असन्तुष्टि जाहेर।

नेपाली कांग्रेसका सभापति एवं कामचलाउ प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी आरजु राणालाई कांग्रेस पार्टीका तर्फबाट राष्ट्रिय सभाका लागि उम्मेदवार बनाउन माग गर्दै पार्टीका ४ जना महिला सांसदबाट प्रेस विज्ञप्ति जारी गरी आरजुका पक्षमा वातावर ण बनाउने कोसिस। नेकपा एमालेले प्रदेश नम्बर ४ को मुख्यमन्त्रीको पदमा त्यस प्रदेशका आफ्ना दुई नेता किरण गुरुङ र पृथ्वी सुब्बा गुरुङलाई अढाई/अढाई वर्षका लागि पालैपालो नियुक्त गर्ने निर्णय गरेर जनमतको उपहास गर्ने प्रयास। नेकपा एमालेले गर्‍यो सरकारी कागज किर्ते गरेको भनी सर्वोच्च अदालतद्वारा छानबीन

बाँकी ४ पृष्ठमा......

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साँझ पख सधैं ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल(वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

चित्रसिंह गाउँले

# आत्मकेन्द्रित राजनीति र आजको कर्णाली

संविधान घोषणा पश्चातको नेपाल मा ७ वटा प्रदेश तह कार्यान्वयनमा आउन थालेका छन । यसअघि विधमान संरचनामा ५ विकास क्षेत्र र १४ अञ्चलनै कार्यान्वयनमा थिए । विगतको भौगोलिक विभाजन अनुसारको प्रशासनिक विभाजनमा सवैभन्दा हेपिएको र कमजोर वनाईएको अञ्चल बन्यो कर्णाली । विकास क्षेत्रका दृष्टिकोणले मध्यपश्चिम पनि अन्य क्षेत्र भन्दा पछि रहन वाध्य भयो।सिंगो कर्णाली अञ्चल पछि पर्नुको असर मध्यपश्चिममा नै पर्यो ।

आजको कर्णालीमा ५५ प्रतिशत भन्दा बढी जनसंख्या निरक्षर,देशका गरीब ५ जिल्ला मध्य दुई जिल्ला कर्णालीभित्रै,५ वर्ष मुनिका वालवालिका मध्य आधा भन्दा बढी कुपोषित,आधा जनसंख्या भन्दा धेरै नागरिकको जिविकानै असुरक्षित,४० वर्ष भन्दा बढी बाँच्न कठिन यस्तै स्थिति छ।महिलाको अवस्था दयनीय,घरपरिवार मा आधुनिक सुविधा देख्नै नपाइनु,सार्वजनिक निकायका सेवा सुविधा प्रभावहीन हुनु जस्ता विषय आजको कर्णालीसँग प्रत्यक्ष गाँसिएका छन । विश्व एक्काइसौं शताब्दीमा हिंडेको विषय आजको कर्णालीलाई महसुस छैन । क्रान्ति,परिवर्तन र जनयुद्धमा कति गुमायो कर्णालीले त्योभन्दा पाउने विषय भनेको उदाहरणीय केहीपनि भएनन।देशमा अहिले आएर समृद्धिको वहस चलेको छ । दलाल पुँजीवादको अन्त्य गर्दै राष्ट्रिय पुँजीको विकास हुँदै समाजवाद निर्माण तत्कालै सम्भव छ भन्ने जस्ता तर्कपनि मजवुत रुपमा अघिसारिएको देखिन्छ । साँच्चिकै देशमा सामन्तवाद समाप्त नै छ।पुँजीवादको विकासका भैरहेकै छ।तर देशभित्रै रहेको कर्णाली अहिलेसम्म पनि सामन्ती व्यवस्थाभित्रै छकि भन्ने तथ्यांकहरुले सावित गरेका छन । कर्णालीमा आजपनि सामन्तवाद वलिऐ अवस्थामा छ । राजतन्त्र हटेर लोकतान्त्रिक गणतन्त्र आएपनि कर्णालीका जनताको आगँनमा लोकतन्त्रको अनुभुति छैन।नयाँ व्यवस्थाको राज्यलेपनि कर्णालीप्रति व्यवास्ता गर्न पुग्यो।कर्णालीवासीको आत्मविश्वास घटायो र नयाँ पुस्तालाई समेत आत्मकेन्द्रित राजनीति गर्न उत्प्रेरित गर्यो ।

व्यवस्था जस्तोसुकै नामका आएपनि जनताका लागि आउने रहेनछन् भन्ने अनुभव गरायो । जवसम्म राज्यको नीति तय गर्ने र कार्यान्वयन गर्नेहरुका चिन्तन र व्यवहारमा सुधार आउदैन त्योभन्दा अघि व्यवस्था परिवर्तनको प्रभाव जनता अनि विकट वस्तिमा नपर्ने सुनिश्चित भयो । २०६२र०६३ को शान्तिपूर्ण जनक्रान्ति पछि पनि मुलुकमा धेरै सरकार बने,माननीय, मंत्री र नेता हजारौं भए तर कर्णालीले मात्र केपी ओली प्रधानमन्त्री भएको एकताकाको सरकारले केही गर्छहोला भन्ने सोच्न पाएको थियो।त्यसको प्रतिफल आम नागरिकमा व्यापक मात्रामा नपुग्दै सरकार परिवर्तन भयो। हालै गएको चुनावमा पनि कर्णालीका नेताले अवको कर्णालीलाई पाँच वर्षको अवधिमा भिन्नै क्षेत्रमा परिवर्तन गराउनेछौ भनेर वाचाका साथ निर्वाचन जितेका छन।यसअघिका जनप्रतिनिधि जित्दासम्म मात्र कर्णालीका हुने गरेका थिए । यस पटकका परिक्षणमै रहेका छन । राजनीतिलाई बुझेर राजनीतिमा लागेका र समाजको हितको लक्ष्यसाथ राजनीतिमा लागेका व्यक्तिको अभाव पहिले भन्दा अचेल झन बढ्न थालेको छ । नानपाराको व्यापारी,रत्नपार्कको चटके,पशुपतिको महन्त र हाम्रा समाजसेवी राजनेतामा फरक देख्न पाईएन ।

कर्णालीका केही जनता चुनाव आउन पाए उम्मेदवारवाट पैसा हात लाग्दो र दुई छाक आनन्द सँग टर्दो हो भन्ने दयनीय स्थितिमा छन।मतदान अघिका एकदुई दिन मात्र आनन्दका र सम्मानका दिन हुन्छन् उनीहरुका । घरटोलै पिच्छे डिउटी पाएका हुन्छन जिम्मेवार दलका कार्यकर्ता बाट।चुनाव सकिना साथ दलले र उम्मेदवारी ले भुल्ने गर्छन चुनाव अघिका दिन र हेप्छन जनतालाई । आफ्नो व्यक्तिगत चाहना पूरा गर्न अर्को चुनावलाई समेत गल्ला भर्ने खेलमा लाग्छन । कर्णाली निकै कमजोर छ भन्ने स्पष्टै थाह पाएका नेतानै केवल राम्रो खाना र नास्ताका लागि कर्णाली वाट प्लेन र चढेर अघिल्लो प्लेनमा सुर्खेतरनेपालगन्ज अनि पछिल्लोमा कर्णाली फिर्ता हुने मजवुत आर्थिक हैसियतमा छन । अहिलेका स्थानीय तहका जनप्रतिनिधिले जनतालाई गौण वनाउन थालिसकेको अवस्था छ । प्रदेश र प्रतिनिधि सभाका जनप्रतिनिधि जनतालाई कहिले भुल्ने भन्ने निश्चित छैन । ५र६ महिनामै जनता र निर्वाचित गर्न टिकट समेत दिने पार्टीको अवमूल्यन गर्न थालेअनुसार स्थानीय तहको भोटले धेरै समयलाई काम गरेन । प्रदेश र प्रतिनिधिसभाको भोटको हालतपनि त्यही हुने हो । जनता र जनअपेक्षा भुलेर आत्मकेन्द्रित राजनीतिमा लाग्नेहरुको संख्या घट्नु भन्दा बढ्दै गरेको छ । पुंजीको विकास गर्दै समाजवादमा प्रवेशको नीतिलाई जसरी पनि पैसाको पछि हिड्न पर्ने भन्न खोजेको जस्तै भएको छ ।

स्थानीय तहमा कर्णालीवाट निर्वाचित कुनै एक जनप्रतिनिधिको तर्फवाट कुनै एउटा यो उदाहरणीय कार्य भयो भन्ने सुन्न पाईएन । यही गति र मति रहिरहेमा कर्णाली क्षेत्रको विकता र अभाव सित्तिमा पर जाने छैन । त्यसका लागि जनप्रतिनिधि नै डोजर खरिदमा सरिक छन । गाउँ तथा नगरपालिका को सामा खरिद देखि औषधी र कृषि सामाग्री समेत खरिदका लागि जनप्रतिनिधिको संलग्नता र निकै कमजोरी भएका कुरा सुन्न पढ्न पाईन्छ । लेखक चित्रसिंह गाउँले नेकपा एमाले कालिकोटका सचिव हुन ।


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

जिल्ला समन्वय समिति
कालिकोट

## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

# विदेशीलाई काखा नेपाली पाखा

**मिसन न्यूज**

**काठमाडौं-** धेरै पहिलादेखि पुस २८ लाई रिलिज मिति तोकेको 'मिस्टर झोले'ले पृथ्वी जयन्तीको दिन सरकारले बिदा घोषणा गरेपछि पुस २७ गते नै फिल्म रिलिज गर्ने मनस्थिति बनाएको थियो । तर, यही समयको सेरोफेरोमा चलचित्र निर्माता संघले राजधानीमा दसैं, तिहारजस्ता ठूला बिदाबाहेक अन्य दिनमा बिहीबार फिल्म रिलिज गर्न नपाइने उर्दी जारी गरेसँगै 'मिस्टर झोले' शुक्रबार मात्र हलमा आयो । उता 'लालपूर्जा' र 'पिंजडा ब्याक अगेन'ले पनि सोनाम ल्होसारको अवसर पारेर माघ ४ गते नै देशैभर फिल्म रिलिज गर्ने प्रचारप्रसार गरेका थिए । तर, निर्माता संघले यी दुई फिल्मलाई पनि बिहीबार रिलिज हुन दिएन । तर, नेपाली निर्माता त्यतिबेला छक्क परे जब मल्टिप्लेक्समा हिन्दी 'पद्मावत'को बुकिङ मात्र खुलेन बिहीबारकै दिन नेपालभर रिलिज हुने गरी सोसमेत बाँडियो । नेपाली फिल्मलाई लागेको कानुन हिन्दी फिल्मलाई किन लागेन ? चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारीले पूर्व सम्झौताले विदेशी फिल्मको रिलिजको सवालमा केही नबोलेकाले 'पद्मावत'ले फाइदा पाएको बताए ।'हामीले गत हप्ता लागू गर्न खोजेको सम्झौता निर्माता संघको नयाँ कार्यसमितिले गरेको निर्णय होइन । पहिलेकै कार्यसमितिले गरेको निर्णयलाई हामीले लागू गराएका हौं ।

# राजनीति वृत्तका समा.......................

गर्न आदेश दिइएका नवराज सिलवालको प्रतिरक्षा । एमाले प्रत्याशीका रूपमा निर्वाचित सांसद र पूर्वप्रहरी अधिकारी नवराज सिलवाललाई अदालतको आदेशमा छानबीनका लागि पक्राउ गर्न खोजेकामा नेपाल सरकारको कडा भर्त्सना।'हालका दिनहरूमा काठमाडौंबाट निस्कने छापा र विद्युतीय माध्यमहरूमा प्रमुखताका साथ प्रकाशित समाचारका केही शीर्षक हुन् यी । यी समाचार हरेक दृष्टिकोणले निराशाजनक छन् । यिनले हाम्रो देशले लिएको राजनीतिक मार्गचित्रको उपयुक्ततामाथि नै प्रश्न उठाउन खोज्छन् । यी समाचारको पछाडिबाट चिहाउने नेताहरूको कुरूप र बासी अनुहारले हामीलाई विष्मित, चकित र क्षुब्धमात्र होइन, आक्रोशित पनि बनाउँछ । दुर्भाग्यले हाम्रो भाग्यविधाता बन्न पुगेका अहिलेको समयका नेतारूपी यी घटिया मानिसको हृदयमा जमेर बसेको कुत्साले सारा राष्ट्रलाई नै केही हजारको संख्यामा रहेका दलाल फौबन्जारहरूको पोल्टामा हालिदिएको छ । देशमा उपलब्ध स्रोत साधन, वित्त व्यवस्था, उद्योगधन्दा, पद पगरी, न्याय, सेवा सुविधा र मानवीय एवं सांस्कृतिक सम्पदा, सबैमाथि तिनै केही हजार मानिसले कब्जा जमाएका छन् । ती बिचौलियालाई पौने तीन करोड सार्वभौम नेपाली जनताका अवैध मालिक बनाउने प्रपञ्चका सूत्रधार बनेका छन् हाम्रो राजनीतिका सञ्चालकहरू ।


**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**


**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खानेपानी सरसफाइ तथा सब-डिभिजन कार्यालय परिवार कालिकोट**


# खाँडाचक्रमा सफल वर्कशव

**कालिकोट–**जिल्लामा साना चार पांग्रे सवारीसाधन तथा मोटरसाईकल मर्मतका लागि अटो पार्टस स्थापना गरिएको छ । सोमवार जिल्लाको खाँडाचक्र नगरपालिका ताडि बजारमा सफल अटो पार्टस एण्ड वर्कशव उद्धाटन गरिएको हो । खाडाँचक्र नगरपालिका मेयर



जसीप्रसाद पाण्डेले अटो पार्टसको रिवन घाटेर उद्धाटन गरेका हुन् । कर्णाली राजमार्गमा अटो पार्टसको अभाव भईरहेका वेला कालिकोटमा स्थापना हुनु स्वागतयोग्य भएको नगरपालिका प्रमुख पाण्डेले बताए । अटो पार्टसका संचालक जीवनकुमार शाहीलाई नगर प्रमुख पाण्डेले बधाईदिदै अटो पार्टस तथा वर्कशव सेवा मुलक अन्तरगतको उद्दोग भएकाले सबैलाई समान व्यवहार सुफत मूल्यमा मर्मत गर्न आग्रह गरे । वर्क शव उद्योग उद्धाटन गर्दै मेयर जसीप्रसाद पाण्डे । वर्क शव उद्योग उद्धाटन गर्दै मेयर जसीप्रसाद पाण्डे ।

कार्यक्रमका सहभागी निमित्त प्रमुख जिल्ला अधिकारी, निमित्त जिल्ला प्रहरी कार्यालयका प्रमुख निरज चौलागाईले अटो पार्टस एण्ड वर्कशव व्यवसायको सफलताको शुभकामना दिएका थिए । उद्धाटन कार्यक्रममा उद्योग बाणीज्य संघ कालिकोटका अध्यक्ष सुर्यबहादुर शाहीले कालिकोटमा उद्योग स्थापना हुनु अत्यान्तै राम्रो भएको बताए । उनले भने, 'कर्णाली राजमार्गमा संचालन हुने साना चार पांग्रे जिप, बोलेरोलगायतका सवारी सधान

**बाँकी ८ पृष्ठमा..**


**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण**

**प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

**नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय**

**सुचना विभाग**



**भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०

फ्यक्स नं. ०८३–५२३८८४

२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२

ईमेल ciaasurkhet@gmail.com



**ब्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**

**जिल्ला कृषि विकास कार्यालय,**

**कालिकोट**

# शिक्षक महिलाले धानेको नमुना विद्यालय

रमेश रावल

**कालिकोट** - जिल्लामा महिला शिक्षक मात्र रहेको एक विद्यालय नमुना बन्दै गएको छ । तिलागुफा नगरपालिका-१ घडेराको जगनाथ आधारभूत विद्यालयमा तीन जना शिक्षक महिला छन् । विद्यालयमा महिला मात्र शिक्षक छन् । कक्षा कोठाको सजावट, पढाइ लगायतका विषयमा उक्त विद्यालय जिल्लाकै अब्बल विद्यालयको रुपमा चिनिदै गइरहेको छ । जगनाथ आधार भूत विद्यालयमा प्रधानाध्यापकका रुपमा बिमला ढुङ्गाना, शिक्षक सारदा केसी र जिल्ला शिक्षा कार्यालयबाट दरबन्दी भएर इसिडी कक्षा शिक्षकका रुपमा गिता बुढा कार्यरत छन् । यी तिन महिला शिक्षक मिलेर चलाएको विद्यालय कुनै सेवा सुविधा निजी नीजि विद्यालयभन्दा कम छैन् ।



जगनाथ आधारभूत विद्यालयमा सुर्खेत वीरेन्द्रनगर नगरपालिका-५ की बिमला ढुंगाना वि.स २०६६ सालमा दरबन्दी र राहत शिक्षक र सुर्खेत गुरासँ गाउँपालिकाका सारदा के.सी. अस्थायी करार शिक्षकका रुपमा हाजिर भए । विद्यालयमा पहिलो पटक जाजिर हुँदाको अनुभव सुनाउँदै प्रधानाध्याक बिमला ढुंगानाले भनिन्, 'स्थानीयहरूले आइमाइले पनि पढाउन सक्छन् ? भनेर प्रश्न गरे ।' ढुङ्गाना र केसीलाई सधैं यी दुई कुराले मनमा घोचिरह्यो । विद्यालयमा हाजिर भएपछि ढुङ्गानाले प्रधानाध्याकको रुपमा र केसीले सहयोगी शिक्षकको रुपमा काम गर्न थाले । ८ वर्ष त्यहाँ र हँदा अहिले ढुङ्गाना र केसीले नमुना विद्यालयका रुपमा विद्यालयलाई स्थापित गरेका छन् ।

विद्यालयमा हाजिर हुँदा स्थानीयले आफूहरूलाई आइमाईले चलाएको विद्यालय के पढाई हुन्छ र ? भन्दै गरेका टिका टिप्पणीबाट प्रेरित भएर यस्तो भन्नेहरूका अगाडि केहि गर्नुपर्छ सोचेर नमुना विद्यालय बनाउँन लागेको ढुङ्गाना र केसीको भनाइ छ । विद्यालयमा सुरुमा आउँदा यी आइमाई के विद्यालय चलाउँलान् ? भनेर स्थानीयले नपत्याए पनि यहाँको पढाई हुने विधि शहरका मन्टेश्वरी स्कुलभन्दा कम नरहेको स्थानीय अभिभावक सेते दमाईले बताए । 'सुरुमा आईमाईले पनि स्कुल चलाउँन सक्छन र ? भनेर गाउँमा कुरा काटिन्थ्यो' उनले प्रशंसा गर्दै भने, 'ढुङ्गाना र केसी म्याडमले शहरमा महंगोमा पढाई हुने मन्टेश्वरी बोर्डिङ स्कुलभन्दा पनि धेरै राम्रो पढाउनु भएको छ ।' 'सुरुमा आउँदा विद्यालयमा निकै चुनौती थियो । अव्यवस्थित कक्षा कोठा, सरसफाइमा कमी, पढाई सामग्रीको अभाव लगायतका समस्या नै समस्या र हेको थियो ।' प्रधानाध्यापक ढुङ्गानाले भनिन् 'मैले धेरै प्रयास गरेर विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्था, कक्षा कोठाको सजावट गरेँ ।' संघ-संस्थाहरूबाट विद्यालयमा शैक्षिक सुधार का बिषयमा छलफल गरेर सहयोग पाएको उनले बताइन् । कक्षा १ देखि ३ सम्म विद्यार्थीलाई पढाउनका लागि प्रशस्त शैक्षिक सामग्री र खेलौनाको व्यवस्था गर्न विभिन्न संघ-संस्थाहरूले साथ दिएको प्रअ ढुंगानाले बताइन् । उनले भनिन, 'खुल्ला चौरमा विद्यालय थियो । खानेपानीको व्यवस्था थिएन् । हाम्रो लगनशिलतामा सेभ द चिल्ड्रेन र किर्डाक नेपाल संस्थाले साथ दिए । काम गर्न सजिलो भयो ।' जगनाथ आधारभुत विद्यालय नगरपालिका भित्रकै नमुना आधारभूत विद्यालयमा दुई महिला शिक्षकको मेहनतले नै विद्यालयको शैक्षिक सुधार सम्भव भएको तिलागुफा नगरपालिकाका उपमेयर दन्ता नेपाली( दर्शना)ले बताइन् । उनले भनिन् 'यो नगरपालिकाभित्र कै नमुना विद्यालय हो । महिलाले मात्रै सञ्चालन गरेको विद्यालय अब्बल दर्जाका रुपमा स्थापित भएको छ ।' विद्यालयमा महिला मात्र शिक्षकका साथै शैक्षिक सुधारमा निकै मेहनत गरेको देखेर विद्यालय सुधार र विद्यार्थीको पढाईमा सुधार ल्याउन आफूहरूले विद्यालयमा शैक्षिक सहयोग गरेको सेभ द चिल्ड्रेन कालिकोटका टिम लिडर बिजय बिश्वकर्माले बताए । शिक्षकाहरूले सही उपयोग गरेका छन् ।' जिल्लामा महिलाहरू मात्रै शिक्षक र हेको यो विद्यालय अरू विद्यालय भन्दा निकै उत्कृष्ट विद्यालय रहेको किर्डाक नेपालका कालिकोट जिल्ला संयोजक तुलाराम पाण्डेले बताए ।

महिला खबर अनलाइनबाट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि
स्वास्थ्य परिक्षण गरौ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ
नखाउा र नखुऔ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ,
सफा र स्वस्थकर तरिका अपनाऔ ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि
मात्र खाऔ ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौ, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र**

सिंचाइ विकास सव डिभिजन कार्यालय
कालिकोट

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउनुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला स्वास्थ्य कार्यालय कालिकोट

# बोयर जातको बोकामा किसान उत्साहित

**मिसन न्यूज**

**कालिकोट** – बाखा पालक कृषक टेकबहादुर शाही बोयर बोकाले दिएको फाइदाबाट खुसी छन् । व्यवसायिक रुपमा बाखापालन गर्दै आएका टेकबहादुरलाई बोयर बोकाले झनै उत्साहित बनाएको हो । जिल्लाको पुर्वी क्षेत्रमा पर्ने तिलागुफा नगरपालिका(११ कामखेत निवासी टेकबहादुर शाही बाखापालक कृषकको रुपमा परिचित छन् । उनको घर नजिकैको खोरमा बाखाले भरिभराउ छ । विगत लामो समयदेखि बाखापालन गर्दै आएका शाही निकै मेहनति छन् । बाखापालन व्यवसायबाटै उनको घर खर्च चलेको छ। व्यवसायीक बाखापालन गर्दा उनको जीवन स्तर नै बदलिएको छ । बाखापालन नगर्नु पुर्व उनलाई घरमा आम्दानी कम र खर्च धेरै हुन्थ्यो ।

अहिले उनलाई घर खर्चको अभाव र झमेला हुँदैन् । स्थानीय बाखा पालन गर्दा बोयर जातको आवश्यक भएको कृषक शाहीले बताए । उनले भने, 'जिल्ला पशु सेवा र विकास परियोजनाले गर्दा बोयर बोका पाए । बोयर बोकामार्फत स्थानीय बाखामा क्रस गर एर पाठापाठी उत्पादन भएका छन् ।' चिलखायाको कामखेतमा कृषक शाहीले पहिलो पटक बोयर बोका पाएका हुन् । उनले बोयर बोका पाएपछि स्थानीय अन्य बाखापालक कृषकलाई समेत फाइदा गराएका छन् । २० जना व्यवसायिक कृषक मिलेर बाखापालन पाठशाला बनाएका छन् । ३५ वटा बाखा भएका टेकबहादुर बोयर बोकाको कमाल हेर्दा अझै बाखा थप्ने प्रयासमा छन् । चिलखायाका २० जना बाखापालक कृषक मध्यकै उत्कृष्ट बाखापालक कृषकको रुपमा टेकबहादुर चिनिन्छन् । बाखापालनबाट पारिवारिक जिविकोपार्जन गर्नेमा टेकबहादुर त एक प्रतिनिधि मुलक पात्र मात्र हुन् । यस्तै व्यवसायिक बाखापालन गर्ने धेरै कृषकहरु



यस क्षेत्रमा छन् । यहाँका कृषकले सुधारिएको खोर, पशु आहार दिएर बाखालाई राम्रैसंग लालन गरिएको छ। टेकबहादुले बोयर पाए पनि हामिलाई समेत फाइदा भएको अर्का बाखापालक कृषक प्रदल शाहीले बताए । जिल्लामा बोयर बोकाले किसानलाई निकै आकर्षण बनाएको जिल्ला पशु सेवा कार्यालयका प्रमुख डाक्टर बज्रकिशोर ठाकुरले बताए । उनले भने, 'बोयर बोकाको नश्ल सुधार बाट स्थानीय बाखामा प्रजनन् सेवा भईर हेको छ । जिल्लामा धेरै बाख पालक कृषकले बोयर बोका पाएका छन् ।' ठाकुरले भने, 'बोयर क्रस गर्दा पाठापाठी जन्मदाको तौल धेरै हुने, छिटो बढ्ने, रोग प्रतिरोधात्मक क्षमता राम्रो हुने, जुम्ल्याहा पाठापाठी जन्माउने र दुई वर्षमा तिन पटक ब्याउने जस्ता गुणहरु हुने गरेको पाइएको छ ।' बोयर बोकाको कारणले गर्दा स्थानीय बाखासंग क्रस गराएर कृषकलाई आम्दानी भएको विकास परियोजनाका जिल्ला संयोजक प्रेमबहादुर फडेराले बताए । मासु तथा दूध उत्पादनमा प्रशिद्धविदेशी मूलका बाखाहरू मासु तथा दूध उत्पादनका लागि निकै प्रशिद्ध मानिएको जिल्ला पशु सेवा कार्यालयका प्राविधिक मानबहादुर महताराले बताए । पहाडि हावापानीमा फस्टाउन सक्ने विदेशी मूलका बोयर ,आदि जातका बाखाहरू लोकप्रिय हुदै गएका छन उनले सुनाए । विदेशी मूलका केही बाखाहरू नेपाली जातका बाखाहरूको नश्ल सुधारका लागि पनि प्रयोगमा ल्याइएका छन् । बोयर बाखा अफ्रिकी मूलको बाखा भएको जनाइएको छ । जिल्ला पशु सेवाका अनुसार,मासु उत्पादनका लागि विश्व प्रशिद्ध जातको बाखा हो । उन्नत तरिकाले पालनपोषण गर्दा बोयर बाखाको शारीरिक वृद्धिदर सबै बाखाहरू भन्दा बढी दैनिक दुई सय ग्रामसम्म पाइएको छ । बोयर बाखालाई तराई तथा मध्य पहाडीक्षेत्रमा सफलतापूर्वक पाल्न सकिने बताइएको छ । पशु जेटिएका अनुसार, बोयरको बोकाको रङ्ग प्रायः सेतो र टाउको केही रातो हुन्छ ।

वयस्क भाले ९०–१३० किलो र पोथी ८०–१०० किलोसम्मकी हुन्छ । यसको बोका ६ महिनामा र पाठी १० महिनाको उमेरमा गर्भाधारण गर्न योग्य हुन्छन् । साला खाला बाखीले एक पटकमा दुई पाठापाठी ब्याउँछ र दुई वर्षको अवधिमा तीन पटक ब्याउँछ । जन्मदा नै यसका पाठापाठीहरू ३–४ किलाका हुन्छन् । पाठापाठीहरू तीन महिनाको उमेरमा २५–३० किलोका हुन्छन । बोयर बाखा नेपाल कृषि अनुसन्धान परिषद्ले २०६५ साल देखि परीक्षण शुरु गरेको छ । नीजि स्तरमा केही बाखा फार्म तथा अन्यले पनि बोयर बाखा पाल्ने गरेका छन् । यूरोपेली संघ, जर्सी ओभरसिज एडको आर्थिक सहयोग प्राक्टिकल एक्शन र दिगो तथा न्यायोचित विकास प्रतिष्ठान (सेडा नेपाल) को साझेदारीमा विकास परियोजना संचालन भएको छ ।

**हेर्नुहोस मिसन न्यूज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखबर गाउँदेखि सहर ।**

MISSION

मिसन न्यूज
राष्ट्रिय
साप्ताहिक

www.missionenews.com

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला कारागार शाखा | ४४००१७ | जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | जिल्ला वन कार्यालय | ४४०००२ |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ | घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| जिल्ला प्राविधिक कार्यालय | ४४०१५३ | मष्टामाण्डु पेट्रोल पम्प | ९८४१४५९३९४ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ | एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | निर्धन उत्थान विकास बैंक | ०८७-४४०२५९ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| | | मिसन न्यूज | ०८७-४४०२४२ |

# सात प्रदेशमा मुख्यमन्त्रीका दाबेदारमा ओइरो

**मिसन न्यूज**

**काठमाडौं** – प्रदेशसभाका सदस्यहरूले शपथ लिएपछि मुख्यमन्त्रीको चर्चासँगै नेताहरूको दौडधुप सुरु भएको छ । वाम गठबन्धनका दल एमाले र माओवादीले २ नम्बरबाहेकका प्रदेशमा मुख्यमन्त्री उम्मेदवारको गृहकार्य सुरु गरिसकेका छन् । गठबन्धनले प्रदेश ५ बाट एमाले नेता शंकर पोखरेललाई संसदीय दलको नेता चयन गरी मुख्यमन्त्रीका उम्मेदवारका लागि निश्चित गरेको छ । अन्य प्रदेशमा भने टुंगो लाग्न बाँकी छन् ।

**दुई गुरुङको रस्साकसी**

प्रदेश ४ को प्रदेश सरकारको मुख्यमन्त्री पदमा एमालेका दुई शीर्ष नेताबीच र स्साकसी छन् । यो प्रदेशमा सबैभन्दा ठूलो दल एमालेबाटै मुख्यमन्त्री हुने निश्चित भएकाले स्थायी समिति सदस्य तथा प्रदेश संगठन संयोजक तनहुँका किरण गुरुङ र केन्द्रीय सचिव तथा संगठन विभाग प्रमुख लमजुङका पृथ्वीसुब्बा गुरुङको दाबेदारी छन । आइतबार प्रदेशसभा सदस्यहरूको शपथपछि दुवै नेताले मुख्यमन्त्री पदमा आ-आफ्नो दाबी गर्दै आएका छन् । गुरुङद्वयले प्रदेशसभा निर्वाचनको प्रचार देखि नै मतदातामाझ आफू प्रदेशको मुख्यमन्त्री बन्ने दाबीसहित मत मागेका थिए । दुवै नेता सकभर आफ्नो पक्षमा निर्णय गराउने, नभए चुनावै लड्ने




मनस्थितिमा छन । मुख्यमन्त्री बन्नुपूर्व पार्टीको संसदीय दलको नेता चुनिनुपर्छ। मुख्यमन्त्री कसलाई बनाउने भन्ने निर्णय एमालेले गरिसकेको छैन । पृथ्वीसुब्बा पार्टी अध्यक्ष ओली र किरण उपाध्यक्ष वामदेव गौतम निकट मानिन्छन । यो प्रदेशमा ३६ प्रत्यक्ष र २४ समानुपातिक गरी ६० सांसद छन् । मनाङबाट एमालेको सहयोगमा निर्वाचित दीपक मनाङे भनिने राजीव गुरुङ भने सर्वोच्च अदालतको आदेशपछि सांसद हुन पाएन । त्यसैले सांसदको संख्या ५९ मात्रै भएको छ । तीमध्ये एमाले २७, कांग्रेस १५, माओवादी केन्द्र १२, राष्ट्रिय जनमोर्चा ३ र नयाँ शक्तिका २ सांसद छन । गठबन्धनबिना कुनै एक दल एक्लैले प्रदेशमा सरकार गठन गर्ने सम्भावना छैनरु सरकार गठनमा वाम गठबन्धन कायम रहे दुई तिहाइकै सरकार बन्नेछन् । एमालेका ४ नम्बर प्रदेश संयोजक किरण गुरुङ मुख्यमन्त्री आफूले पाउनुपर्ने बताउँछन । 'पृथ्वीसुब्बा गुरुङ स्वयंले पटक-पटक र धेरै मान्छेको बीचमा मुख्यमन्त्री मलाई नै भन्दै आउनुभएको थियो,' उनले भने, 'त्यही भएर म प्रदेशसभामा उठेको हुँ ।' पृथ्वीभन्दा आफू पार्टीमा सिनियर भएको भन्दै उनले लामो समयदेखि गण्डकी-धौलागिरी अञ्चलमा पार्टीको नेतृत्व गरेको र अहिले पनि ४ नम्बर प्रदेशको संयोजक भएको नाताले आफ्नो विकल्प नभएको बताए । 'पोर्टफोलियोमा उहाँ ९पृथ्वीसुब्बा० सचिव भए पनि पार्टीमा सिनियर म नै हुँ,' पार्टीको नवौं महाधिवेशनमा उपाध्यक्ष पदमा पराजित उनले थपे, 'खेतबारी बिराउने ९सम्याउने०, जोतखन गर्ने, बीउ रोप्ने, तर उब्जनी लिने बेला जग्गाको लालपुर्जे अरूलाई दिने कुरा हुँदैन । यो पार्टीले पनि बुझ्नुपर्छन ।'

अर्का दाबेदार पृथ्वीसुब्बा गुरुङले पार्टी अध्यक्ष ओलीले चुनावअघि नै आफूलाई मुख्यमन्त्री बनाउन संकेत गरिसकेको बताएरु 'पार्टी अध्यक्षज्यूले चुनावअघि नै बेंसीसहरको चुनावी सभामा पृथ्वीसुब्बा गुरुङ यत्तिकै प्रदेशमा चुनाव लड्न आउनुभएको छैन । कुरो तपाईंहरू बुझ्नुस् भनिसक्नुभएको छ,' उनले भने, 'पार्टी संगठनमा सिनियर भएकाले पनि मुख्यमन्त्री मैले नै पाउनुपर्छरु' पार्टीले आफूलाई चिनेको भन्दै पृथ्वीले सके सहमति हुने नभए, चुनावमा जाने बताए । यसअघि राम्रो बोलचाल हुने यी दुई नेताको सम्बन्ध मुख्यमन्त्री दाबेदारीकै कारण चिसिएको छ । ओली पक्षका सांसदको संख्या दुई तिहाइ भएकाले आफू संसदीय दलको नेतामा निर्वाचित हुनेमा पृथ्वीसुब्बा ढुक्क छन । किरणले पनि २७ मा १८ जना आफ्नो पक्षमा रहेको दाबी गरे ।

२०५४ मा एमाले विभाजनका बेला किरण गौतम पक्ष ९माले० मा लागेका थिए । अञ्चल कार्यालय तत्कालीन मालेको कब्जामा थियोरु 'मैले र काशीनाथ अधिकारीले त्यतिबेला एमाले धानेको हो,' पृथ्वीसुब्बा जिकिर छ, 'ठूलो चुनौती मोलेर आएकाले मुख्यमन्त्री मै हुनुपर्छ ।' किरणले भने पार्टीको सचिवबाहेक मुख्यमन्त्रीमा दाबी गर्ने आधार पृथ्वीसुब्बामा नदेखिएको बताए । 'म गण्डकी अञ्चलको इन्चार्ज भएकै बेला पृथ्वीसुब्बालाई बहुदलीय व्यवस्था आइसकेपछि लमजुङको पार्टी अध्यक्ष बनाएको हो ।' सरकार बनाउन एमालेलाई थप चार सांसद चाहिन्छ । गठबन्धनको माओवादी केन्द्रसँग १२ सांसद छन्रु दुवै नेता माओवादी मत तान्ने प्रयासमा छन ।

## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुघर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख)

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट**

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

## बेस्ट कर्णाली..........

उत्सवको उवसरमा रिपार्टस क्लव नेपाल ६ नम्बर प्रदेश संयोजक लंकराज धमाला, क्लवका जिल्ला अध्यक्ष विश्वनाथ सिम्खाडा, हाम्रो कर्णाली खवर दैनिक पत्रिमा कार्यरत रमेश रावल र अन्नपुर्ण दैनिकका संवाददाता विष्णु न्यौपानेलाई सम्मान गरिएको थियो । स्थानीय चार वटै रेडियोलाई सम्मानगरएको थिो ।

### खाँडाचक्रमा.......

तथा मोटरसाईकल मर्मत गर्न सहज हुने भएको छ ।' नेपालगंज–सुर्खेत हुँदै कालिकोट भएर जुम्ला र मुगुमा सावारी साधान चल्ने गरेका छन् । सानो तथा छोटो दुरीका सवारीसाधान विग्रीएमा मर्मत गर्न अब सहज भएको छ । साना गाडीहरु मर्मत गर्न वर्कशव नभएकै कारण धेरै गाडी व्यवसायलाई मर्का परेको थियो । वर्कशव स्थापना हुनु गाडी व्यवसायीलाई सरानिए काम भएको रारा कर्णाली यातायात प्रा.लि.का अध्यक्ष हस्तबहादुर बलमे बताए ।

## प्रादेशिक मौसमी राजधानी..........

प्रदेशसभालाइ दिएकाले सोच विचार गरेर जनताको भावनालाई सम्वोधन गरि नुपर्ने अधिबक्ता बिष्टले बताए । कर्णालीमा जातिय सघनता, भाषिक, साँस्कृतिक, भौगोलिक र ऐतिहाँसिक सघनताका गरी ५ वटा आधार रहेको अवधारणा पत्रमा उल्लेख छ । सामार्थ्यका ४ आधारहरु आर्थिक, अन्तर सम्बन्ध, पुर्वाधार विकास र प्राकृतिक साधन स्रोतका सम्भाव्यता रहेकाले कर्णालीको सिँजामा मौसमी राजधानी हुनुपर्ने पत्रमा उल्लेख छ । हिजोका दिनहरुमा सिँहदर बारबाट ठगिएका कर्णालीबासीलाई फेरी भेरीले कर्णलीलाई हेप्ने प्रयास गरेको सहभागी लेखक रमेश रावलले बताए । उनले भने, 'कर्णालीमा राजधानी भएन भने कर्णालीमा पर्यटन विकास र आर्थिक उन्नती हुँदैन् ।' बर्षौंदेखि विकासका दृष्टिकोणले पछि परेको कर्णालीमा विशेष अधिकार सहितको कर्णाली हुनुपर्नेमा नेकपा एमाले कालिकोटका उपाध्यक्ष रमेशकुमार शाहीले बताए । सहभागीले प्रदेश ६ को नाम कर्णाली प्रदेश र राजधानी मौसमी अनिवार्य हुनुपर्नेमा जोड दिएका छन् । समृद्ध कर्णाली प्रदेश हुनको लागि नेपालगंज र बर्दिया ६ नम्वर प्रदेशमा जोडिन आवश्यकता रहेको नेपाली कांग्रेसका सभापति हर्षबहादुर बमले बताए । उनले भने, 'चिन र भारतको दुवै देशको नाकासंग जोडिनका लागि पनि नेपालगंज र बर्दिया ६ नम्बर प्रदेशमा जोडिदा राम्रो हुन्छ ।' यदि कर्णालीमा मौसमी राजधानी भएन भने, विकासको गतिले पुरानै कर्णाली हुने अधिबक्ता अमलराज शाहीले बताए । कर्णालीमा मौसमी राजधानी नभए झनै कर्णाली विगतका भन्दा पछि पर्ने दखिएको सहभागीले बताएका थिए । तर, अधिकांसले मौसमी राजधानी अनिवार्य कर्णालीमा हुनैपर्ने बताएका थिए ।

## रिपोर्टस क्लवमा सिम्खाडा

**मिसन न्यूज**

कालिकोट - रिपोटर्स क्लव नेपाल कालिकोटको तेस्रो जिल्ला अधिवेशनवाट क्रियाशिल पत्रकार विश्वनाथ सिम्खाडाको अध्यक्षतामा नयाँ कार्य समिति निर्वाचित भएको छ । शान्ति समृद्धि र विकासका लागि सञ्चार भन्ने मुल नाराका साथ बुधवार जिल्ला सदरमुकाम खाँडाचक्रमा सम्पन्न जिल्ला अधिवेशनवाट उपाध्यक्षमा रमेश वोगटी,सचिवमा साधना शाही,कोषाध्यक्षमा पवित्रा जैसि लगाएत ११ सदस्यीय कार्य समिति सर्वसहमतिले चयन भएको हो । नेपाल पत्रकार महासंघ कालिकोटका अध्यक्ष तुलाराम पोण्डेको प्रमुख आतिथ्यता र लंक धमालाको अध्यक्षतमा सम्पन्न अधिवेशनवाट निर्वाचित नया नेतृत्वले कालिकोटको विकास र सुशासनका सवालको उठान गर्ने प्रतिवद्धता जनाएका छन् ।

## जागिर छोड्न तयार...........

शिक्षिका विद्यालय जाँदैनन् । बुढाले भनिन् देउता लागे जीवनभर निको हुँदैन, देउता लागेर जिन्दगी नै बर्बाद भएको देखेका छौं, बरु ठूलै रोग लागेर अस्पताल कुर्न सजिलो छ देउता लाग्नुभन्दा, त्यसैले छाउ भएको बेला पाँच दिनसम्म विद्यालय जाँदैनौ । मष्टा देवताको डरले परम्परादेखि नै छाउ भएका बेला विद्यालय नजाने चलन बसालिएका कारणले आफूहरु पनि नजाने गरेको शिक्षिका ज्ञानु ठकुल्लाले बताइन् ।

डिक्रेनीमा कोठा भाडामा लिएर बस्ने गरेकी छु, तर छाउ हुँदा माइतघर गएर बस्नुपर्ने बाध्यता छ । छाउ भएका बेला बाटोमा हिंड्दा गाली गर्छन उनले भनिन् यदि विद्यालय मन्दिरभन्दा टाढा राखिन्छ भने मात्र आफूहरु नियमित पढाउन जान्छौं नभए विद्यालय जाने अवस्था छैन । बरु जागिर छोड्न तयार छौं । विद्यालयका प्रधानाध्यापक निर्प ठकुल्लाले आफूले पनि छाउ भएका बेला विद्यालय आउनुपर्छ भनी धेरै करकाप गर्न नसकेको बताए ।

उनले भने, गाउँका महिलाहरुले छाउ भएका बेला सामूहिक रुपमा देउताको मन्दिरमा गए यो समस्या समाधान हुने, नभए कुनै एक महिलाले मात्र यसो गर्न सक्दैनन् । गाउँको सबैभन्दा ठूलो मष्टा देउताको मन्दिर विद्यालयमा छ । देवताको नाम लिन पनि डराउने अवस्थामा छाउ भएका बेला विद्यालय आउनुस् भन्ने अवस्था छैन । कक्षा ५ मा पढ्दै गरेकी छात्रा ललिता बुढा पनि छाउ भएका बेला ६ दिनसम्म विद्यालय जाँदिनन् ।



## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित मितिः २०७४।१०।१०

अन्तिम मिति : २०७४।१०।१८

दिगो तथा न्यायोचित विकास प्रतिष्ठान (**सेडा नेपाल**) कर्णालीका ५ वटै जिल्लामा सामाजिक परिचालन, आयआर्जन, क्षमता विकास, सामुदायिक भौतिक पूर्वाधार, जैविक विविधताको संरक्षण र संर्वधन, सुशासन ,खाद्य सुरक्षा, कृषि तथा बन क्षेत्रमा कार्यक्रम संचालन गर्दै आएको गैरसरकारी संस्था हो । यूरोपेली संघको र जर्सी ओभरसिज एडको आर्थिक सहयोग प्राक्टिकल एक्शन र यस संस्थाको साझेदारीमा कालीकोट, जुम्ला र मुगु जिल्लामा संचालन भैरहेको ***"Building Inclusive and Sustainable Growth Capacity of CSOs in Agriculture and forest Sectors (BICAS)"***

परियोजनाको साविकको जुबिथा गा.वि.स.को लागि १ जना भेटीनरी जे.टि.ए. आवश्यक भएकोले साविकको जुबिथा गा.वि.स.को इच्छुक नेपाली नागरिक बाट विस्तृत व्यक्तिगत विवरण **(Bio-Data)** सहित **दरखास्त आव्हान** गरिन्छ ।

**पद** : भेटीनरी जे.टि.ए.संख्या : १

### मुख्य जिम्मेवारी

– आयआर्जका क्रियाकलापहरुको योजना बनाई यसको कार्यान्वयन को लागि सहजीकरण गर्ने ।
– कृषक समूह/संजालको गठन तथा क्षमता विकासमा सहजिकरण गर्ने ।
– स्थानिय स्तरका सरोकारवाला निकाय संग समन्वय गरि कार्यक्रम संचालन गर्ने ।
– सम्पन्न क्रियाकलाप हरुको प्रगति प्रतिवेदन तयार गरि सुपरभाईजर लाई बुझाउने ।

### न्यूनतम् योग्यता

– मान्यता प्राप्त शैक्षिक संस्थाबाट टि.एस.एल.सि. वा भेटीनरी जे.टि.ए. पास गरि ३ वर्ष ग्रामिण समुदायमा आर्थिक बिकास तथा जीविकोपार्जन सुधार सम्बन्धित क्षेत्रमा काम गरेको ।
– सञ्चार तथा सहजीकरणमा राम्रो सिप र ज्ञान भएको ।
– सहभागीता मुलक विकास अवधारणा को ज्ञान र अनुभव भएको ।
– व्यवसायीक सेवा प्रदायक, मुल्यश्रृखलाको क्षेत्रमा राम्रो ज्ञान भएको ।
– महिला र दलित लाई प्राथामिकतामा राखिने छ ।

### थप जानकारीका लागि

शाखा कार्यालय, कालीकोट, **सम्पर्क नं.** ०८७–४४०१९२

**दरखास्त पठाउने ठेगाना** : ***sedavacancy@gmail.com***

संक्षिप्त सूचिमा परेका व्यक्तिलाई मात्र फोन मार्फत दोस्रो चरणको परिक्षाको लागि सर्म्पक गरिने छ ।